नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
(............प्रशासन.............शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.:१६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्या:- २०७९/८०/१/११
प्राप्त पत्र संख्या:- ...............
च.नं.:- २३

अत्यन्त जरुरी

मिति २०७९/०४/०५

**विषय :- पदपूर्ति सम्बन्धमा ।**

**श्री नापी कार्यालय, सबै ।**

प्रस्तुत विषयमा यस विभागको प.स.२०७८/७९/१/११, च.नं. १३२१, मिति २०७८/०९/०८ को पत्रबाट लोक सेवा आयोगमा पदपूर्तिका लागि माग आकृति फाराम भरी पठाउँदा लोक सेवा आयोगमा गत आ.व.मा माग भइसकेको पद हो/होइन एकीन गर्ने र विभागसँग समेत समन्वय गरी लोक सेवा आयोगमा माग आकृति फाराम पठाउन परिपत्र गरिएकोमा केही कार्यालयहरुले विभागसँग समन्वय नगरी माग आकृति फाराम भरी पठाएको बुझिएको हुँदा आ.व.२०७८/७९ मा पदपूर्तिका लागि माग भएका पदको लागि पठाइएको माग आकृति फारामको प्रमाणित प्रतिलिपि र लोक सेवा आयोगबाट प्रतिशत निर्धारण भई आएको पत्र समेत ३(तीन) दिन भित्र यस विभागको email ठेगाना (prashasan@dos.gov.np र planning@dos.gov.np) मा समेत अनिवार्य रुपमा पुनः ताकेता गर्नु नपर्ने गरी पठाउनु हुन साथै निलम्वन भएका कर्मचारीहरुको विशेष दरवन्दी यस विभागमा रहेको र तलब भत्ता भुक्तानी विभिन्न नापी कार्यालयहरुबाट भइरहेकोमा उक्त तलब भत्ता भुक्तानी भइरहेको पदमा कर्मचारी माग भएको वा लोक सेवा आयोगमा एकै पदका लागि दुई आर्थिक वर्षमा दोहोरो पर्ने गरी माग भइसकेको भए सम्बन्धित लोक सेवा आयोगमा सम्बन्धित कार्यालयमा पद रिक्त नरहेको व्यहोरा अनुरोध गरी उक्त पदमा नयाँ सर्भेक्षकहरु सिफारिस नगरिदिनका लागि समेत सम्बन्धित लोक सेवा आयोगमा अनुरोध गरी पठाउनु हुन मिति २०७९/०४/०५ को निर्णयानुसार अनुरोध छ ।

( राधा देवकोटा उपाध्याय )
उप सचिव

**बोधार्थ**

श्री योजना तथा जग्गा प्रशासन शाखा : MIS Unit, नापी विभाग ।
श्री सूचना प्रविधि तथा यन्त्र उपकरण शाखा, नापी विभाग : यो परिपत्र विभागको Website मा upload गरिदिनुहुन ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
(प्रशासन शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.:१६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्या:- २०७८/७९/१/११

प्राप्त पत्र संख्या:- ...............

च.नं.:- 1329

मिति २०७८/०९/०८

विषय :- रिक्त पद पदपूर्ति सम्बन्धमा ।

श्री नापी कार्यालय, सबै ।

प्रस्तुत विषयमा तहाँ कार्यालयमा यस आ.व. २०७८/०७९ मा रिक्त रहेका र हुने रा.प.अनं. पदहरुको पदपूर्तिका लागि सम्बन्धित लोक सेवा आयोगमा माग गर्दा यस भन्दा अघि तहाँ कार्यालयबाट सो पदको लागि माग भईसकेको हो वा होईन ? एकिन गर्नुका साथै यस विभागसँग समन्वय गरेर मात्र रिक्त पद पदपूर्तिका लागि लोक सेवा आयोगमा माग आकृति फाराम पठाउनुहुन र यस विभागलाई समेत  जानकारी गराउनुहुन आदेशानुसार अनुरोध छ ।

( सुरज श्रेष्ठ )
शाखा अधिकृत

**बोधार्थ**

श्री सूचना प्रविधि तथा यन्त्र उपकरण शाखा, नापी विभाग : यो परिपत्र विभागको Website मा upload गरिदिनुहुन ।